**आरुघाट गाउँपालिका**

स्थानीय राजपत्र

**भाग-१ खण्डः ४ संख्या : १**

**पारित भएको मितिः २०७६/०१/१०**

**प्रकाशन मितिः २०७६/१/२७**

*(पहिलो संसोधन)*

# आरुघाट गाउँपालिका शिक्षा ऐन,२०७५

आरुघाट गाउँपालिका, गोरखा गण्डकी प्रदेश

पारित भएको : २०७५/०१/१६

प्रमाणिकरण र प्रकाशन मिति : २०७५/०१/१७

<u>पहिलो संसोधन</u>

पारित भएको : २०७६/०१/१०

प्रमाणिकरण र प्रकाशन मिति : २०७६/०१/२७

<u>दोस्रो संसोधन</u>

पारित भएको : २०७५/०१/१६

प्रमाणिकरण र प्रकाशन मिति : २०७५/०१/१७

**<u>तेस्रो संसोधन</u>**

पारित भएको : २०८०/०३/२९

प्रमाणिकरण र प्रकाशन मिति : २०८०/०३/२९

***प्रस्तावना*:**

*नेपालको संविधानले आधारभूत र माध्यमिक तहको शिक्षाको जिम्मेवारी स्थानीय सरकारमा व्यवस्था भए अनुसार **आरुघाट गाउँपालिका** ले आफ्नो क्षेत्रभित्र स्थापना भई सञ्चालन भैरहेका र हुने विद्यालय तथा अन्य शैक्षिक संस्थाहरूको व्यवस्थापनमा सुधार गरी सबै बालबालिकाको विद्यालय शिक्षा पाउने मौलिक हकको सम्मान गर्दै गाउँपालिका भित्रका सबै बालबालिकाहरूको लागि अनिवार्य, निशुल्क, गुणस्तरीय तथा व्यवसायिक विद्यालय शिक्षाको व्यवस्था मार्फत सक्षम नागरिकको उत्पादन गरि राष्ट्र निर्माणको आधार तयार पार्न वान्छनीय भएकाले नेपालको संविधानको धारा २२६, अनुसूची ८ को र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(ज) र २१ ले दिएको अधिकार प्रयोग गरी आरुघाट गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।*

# परिच्छेद- १

## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम "आरुघाट गाउँपालिका शिक्षा ऐन-२०७५" रहेको छ ।

(२) यो ऐन आरुघाट गाउँपालिका भर लागू हुनेछ ।

(३) [1] यो ऐन प्रमाणिकरण भएपश्चात् तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) 'आधारभूत शिक्षा' भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ख) 'प्राथमिक शिक्षा' भन्नाले कक्षा एक देखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ग) 'माध्यमिक शिक्षा' भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(घ) 'गाउँपालिका' भन्नाले आरुघाट गाउँपालिका सम्झनुपर्छ ।

---

[1] तेस्रो संसोधन

(ङ) 'विशेष शिक्षा' भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

(च) 'विद्यालय शिक्षा' भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(छ)[2] 'प्राविधिक विद्यालय' भन्नाले सामुदायिक विद्यालयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट अनुमति लिई कक्षा ९ देखि १२ कक्षासम्म प्राविधिक धारका विषय पठनपाठन हुने र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट अनुमति लिई डिप्लोमा तहको कक्षा सञ्चालन गरिरहेका सामुदायिक विद्यालयलाई जनाउँदछ ।

(ज) 'सामुदायिक विद्यालय' भन्नाले समुदायको पहलमा स्थापना गरिएको गैर नाफामूलक र नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ । यो शब्दले धार्मिक

2

तथा परम्परागत विद्यालय (गुम्वा, गुरुकूल र मदरशा) समेतलाई जनाउने छ ।

(झ) 'संस्थागत विद्यालय' भन्नाले निजी पहलमा स्थापना गरिएका नेपाल सरकारबाट अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ञ) 'सहकारी विद्यालय' भन्नाले सहकारी संस्थाको पहलमा कानून बमोजिम सञ्चालन अनुमति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ट) 'कर्मचारी' भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ठ) 'तोकिएको' वा 'तोकिए बमोजिम' भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ड) 'अनुमति' भन्नाले नेपाल सरकार वा गाउँपालिका ले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ढ) 'निशुल्क शिक्षा' भन्नाले तोकिएको शीर्षकहरूमा कुनै शुल्क लिन नपाउने गरी व्यवस्थापन गरिएको शिक्षा सम्झनु पर्छ । यो व्यवस्थाले नेपालको सविधानको धारा ३९ को उपधारा २ बमोजिम बालबालिकाको शिक्षाको लागि परिवारको दायित्व तोक्ने गरी गाउँपालिकाले कानून बनाउन बन्देज लगाएको मानिने छैन ।

(ण) 'आवासीय विद्यालय' भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(त) 'शैक्षिक गुठी' भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा नीजि गुठी सम्झनु पर्छ ।

(थ) 'स्थायी आवासीय अनुमति' भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट

भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(द) 'प्रारम्भिक बालविकास शिक्षा' भन्नाले प्राथमिक शिक्षाभन्दा अगावै चार वर्ष पूरा भएका बालबालिकाहरूलाई दिइने [3]एक वर्षे शिक्षा सम्झनु पर्छ ।

(ध) 'शिक्षक छनौट समिति' भन्नाले [4]स्वीकृत दरबन्दी, राहत, गाउँपालिका अनुदान, शिक्षण सहयोग अनुदान कोटामा अस्थायी वा करारमा शिक्षक नियुक्तिको सिफारिस गर्न गठन भएको गाउँपालिका स्तरीय तथा विद्यालय स्तरीय शिक्षक छनौट समितिलाई सम्झनु पर्छ ।

(न) 'समावेशी शिक्षा' भन्नाले दृष्टिविहिन, न्युन दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारिरीक वा अन्य अपाङ्गता भएका

[3] तेस्रो संसोधन
[4] तेस्रो संसोधन

बालबालिकालाई नियमित शैक्षिक पद्दतिको अधिनमा रही दिइने शिक्षा सम्झनु पर्छ । [5]जसले सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षालाई समेत जनाउँदछ ।

(प) 'शिशु स्याहार' भन्नाले ३ बर्ष मूनिका बालबालिकालाई तोकिएको मापदण्ड बमोजिम उचित स्याहार सहित प्रदान गरिने विद्यालय बाहिरको सेवा सम्झनु पर्छ ।

(फ) 'शिक्षा ऐन, २०२८' भन्नाले तत्काल कार्यान्वयनमा रहेको शिक्षा ऐन, २०२८ (संशोधन सहित) लाई सम्झनु पर्छ ।

[6](ब) शिक्षा शाखा' भन्नाले गाउँ कार्यपालिका अन्तरगतको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

[7](भ) 'शिक्षा अधिकृत' भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुखको रुपमा कार्यरत अधिकृतस्तरको कर्मचारीलाई सम्झनु पर्छ ।

---

[5] तेस्रो संसोधन
[6] तेस्रो संसोधन
[7] तेस्रो संसोधन

## परिच्छेद- २

## विद्यालयको स्थापना, कक्षा थप, पूर्वाधार, समायोजन र बन्द तथा सिकाइ केन्द्र सम्बन्धी व्यवस्था

३. **विद्यालय खोल्न वा कक्षा थप गर्न अनुमति लिनुपर्नेः**

(१) कसैले विद्यालय खोल्न वा कक्षा थप गर्न चाहेमा तोकिएको पूर्वाधार पूरा गरी वडा समितिको सिफारिस सहित शैक्षिक सत्र सुरू हुनु भन्दा चार महिना अगावै शिक्षा शाखामा निवेदन दिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर शिक्षा शाखाले आवश्यक जाँचबुझ गरी संघीय, प्रादेशिक कानून र गाउँपालिकाले तोकेको शर्त बन्देज पालना गर्ने गरी गाउँ शिक्षा समितिको निर्णयानुसार तोकिएको अधिकारीले अनुमति दिनेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालित कुनै विद्यालयले कम्पनी खारेज गरी संघीय र कानूनमा भएको व्यवस्था

अनुसार शैक्षिक गुठी वा सहकारीमा रुपान्तरण गर्न सक्ने छ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृतिको लागि सिफारिस दिइने छैनः

(क) सरकारी वा सार्वजनिक भवन वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(५) संघीय तथा प्रादेशिक कानूनमा अन्य व्यवस्था भएको अवस्थामा बाहेक यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय गर्नुपर्नेछः

(क) शैक्षिक गुठी सञ्चालन गर्दा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र नीजि गुठी भए

कम्तीमा तीनजना सदस्य भएको संगठित सस्था हुनु पर्ने,

(ख) शैक्षिक गुठीको आय व्ययको स्रेस्ता तोकिए बमोजिम तयार गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(ग) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा संघीय र प्रादेशिक कानूनमा अन्य व्यवस्था भएकोमा बाहेक गाउँपालिकाको स्वीकृति लिनुपर्नेछ ।

(६) संघीय कानून अनुसार कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी नेपाल सरकारले विद्यालय खोल्न अनुमति वा स्वीकृति दिई सञ्चालन भएको विद्यालयको सञ्चालन संघीय कानून अनुसार हुने छ तर ती विद्यालयहरूको अनुगमन, निरीक्षण र आधारभूत तहको परीक्षार्थीको मूल्याङ्कन गाउँपालिकाबाट हुनेछ ।

(७) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा सञ्चालन अनुमति र नियमन तोकिए बमोजिम हुने छ ।

(८) विद्यालयको सञ्चालन तोकिए बमोजम हुनेछ ।

४. <u>**विद्यालय खोल्नका लागि पूर्वाधार पूरा गर्नुपर्ने:**</u>

(१) सामुदायिक तथा संस्थागत विद्यालयहरूले पूरा गर्नुपर्ने पूर्वाधारहरू तोकिए बमोजिम हुनेछ । प्रचलित कानून अनुसार तोकिएको पूर्वाधार तयार नहुँदासम्म विद्यालयहरूलाई सञ्चालनको लागि अनुमति दिइने छैन ।

(२) यो ऐन जारी हुदाँ सञ्चालनमा रहेका संस्थागत विद्यालयहरूको पूर्वाधार तोकिएको अवधिभित्र पूरा गर्ने दायित्व सम्बन्धित विद्यालयको हुनेछ । [8]......................

(३) सामुदायिक विद्यालयहरूको पूर्वाधार विकासमा सहयोग गर्ने दायित्व संघ, प्रदेश र गाउँपालिकाको हुनेछ ।

---

8

## ५. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने

(१) सामान्यतया देहायको अवस्थामा विद्यालयहरू स्वतः समायोजन हुनेछन्ः

(क) दुई वा सो भन्दा बढि विद्यालयहरू बीचको पैदल दूरी सहज आवागमन सहित बढिमा ३० मिनेट वा दुई किलोमिटरसम्म भई कक्षा ५ सम्म सञ्चालन रहेको,

(ख) दुई वा सो भन्दा बढि विद्यालयका विद्यालय व्यवस्थापन समितिले आपसमा गाभेर सञ्चालन गर्ने निर्णयका साथ वडा समितिको सिफारिस सहित गाउँपालिका मा निवेदन दिएमा,

(ग) कुनै विद्यालयमा तोकिएको सङ्ख्या भन्दा कम विद्यार्थी भई तिनीहरूको शिक्षाको लागि गाउँपालिकाले दफा ६(१) बमोजिमको विद्यालयमा वा अन्यत्र सबै विद्यार्थीहरूलाई अध्ययनको व्यवस्था मिलाएमा ।

(२) कुनै विद्यालयमा सघीय कानून, प्रादेशिक कानुन र गाउँपालिकाले तोकेको कक्षागत विद्यार्थी सङ्ख्याको तोकिएको अनुपात भन्दा कम

विद्यार्थी भएमा तह झार्न वा कक्षा वन्द गर्न सक्ने छ ।

(३) गाउँपालिकाले तोकिए बमोजिमका शर्त पूरा गर्ने कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न विद्यालयको नाम परिवर्तन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

६. **<u>आवासीय विद्यालय सञ्चालन गर्न सक्ने:</u>**

१ गाउँपालिकाले गाउँ क्षेत्रभित्रका विकट र छरिएका ग्रामीण बस्तीहरूमा सञ्चालित दफा (५) को उपदफा (ग) बमोजिम समायोजन गरिएका विद्यालयमा अध्ययनरत विद्यार्थी तथा अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनमा पँहुच बाहिर रहेका लक्षित उमेर समूहका बालवालिकाहरूको आधारभूत शिक्षा सुनिश्चितताको लागि तोकिएको विद्यालयलाई आवासिय विद्यालयको रूपमा सञ्चालन गर्न सक्नेछ ।

२ यस्ता विद्यालयहरूमा तोकिए बमोजिमका विद्यार्थी तथा विद्यालय उमेर समूहका विद्यालय बाहिरका बालबालिकाहरूले निशुल्क

आवासीय सुविधा सहित आधारभूत शिक्षा प्राप्त गर्ने छन् ।

७. **शाखा विद्यालय सञ्चालन गर्न सक्ने**: तोकिएको सीमाभन्दा कम विद्यार्थी सङ्ख्या भई कुनै सामुदायिक विद्यालय तत्काल अन्य विद्यालयमा समायोजन हुन सक्ने अवस्था नभएमा सो विद्यालयलाई वडा भित्रको कुनै माध्यमिक विद्यालयको शाखा विद्यालयको रुपमा सञ्चालन हुने गरी गाउँपालिकाले तोक्न सक्नेछ । यसरी तोकिएको विद्यालयको व्यवस्थापन समिति मातृ विद्यालयले तोके बमोजिम हुनेछ ।

८. **ठूला (मेघा) विद्यालय सञ्चालन गर्न सक्ने** :

(१) हाल सञ्चालनमा रहेका कुनै ईच्छुक विद्यालयले दफा (४) मा उल्लिखित पूर्वाधारका अतिरिक्त निम्न बमोजिमका पूर्वाधार र सर्त पूरा गरेमा गाउँपालिकाले ठुला विद्यालयको रूपमा सञ्चालन स्वीकृति दिनेछ :

(क) कम्तिमा १००० भन्दा बढी विद्यार्थी भएको,

(ख) न्युनतम तहगत र विषयगत दरबन्दी भएको,

(ग) आधारभूत शिक्षा उत्तीर्ण परीक्षामा तोकिएको स्तर कायम गरेको तथा माध्यमिक शिक्षा परीक्षा र माध्यमिक शिक्षा परीक्षाको नतिजा राष्ट्रिय स्तरको भन्दा उच्च रहेको,

(घ) पर्याप्त जमिन तथा पूर्वाधार भएको वा विकास गर्न सकिने आधार भएको।

(२) यस्ता विद्यालयहरूलाई संघ, प्रदेश र गाउँपालिकाले देहायका क्षेत्रमा थप लगानी गर्न सक्ने छ :-

(क) कक्षा कोठा, प्रयोगशाला र अन्य पूर्वाधार विकास तथा यातायात व्यवस्थापन,

(ख) विद्यार्थी सङ्ख्या र सञ्चालित कक्षा (सेक्सन समेत) को आधारमा थप विषयगत शिक्षकको व्यवस्थापन,

(ग) निशुल्क शिक्षा कार्यान्वयन तथा दफा ६(१) बमोजिमको विद्यालय सञ्चालन नहुदासम्म दफा (५) को उपदफा (ग) बमोजिम समायोजन भएका विद्यालयका विद्यार्थीहरूलाई आवासको व्यवस्थाका लागि आवास भवन निर्माण तथा छात्राबास सञ्चालनको लागि अनुदान दिने ।

(घ) सम्झौतामा उल्लिखित विषय ।

(३) यस दफा अनुसार थप सहयोग पाउने विद्यालयहरूको आन्तरिक लेखापरीक्षण गाउँ कार्यपालिकाले गर्नेछ ।

९. <u>सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः</u>

(क) गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ तथा सचेतनामूलक कार्यहरू समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(ख) सिकाइ केन्द्रका लागि तोकिएको मापदण्डमा आधारित भएर अनुदानको व्यवस्था गर्ने छ ।

## १०. शिशु स्याहार,प्रारम्भिक बालविकास शिक्षासम्बन्धी व्यवस्था :

(क) तोकिएको मापदण्डमा आधारित भई प्रारम्भिक बालविकास शिक्षाको अनुमति वडा कार्यालयले दिनेछ ।

(ख) प्रारम्भिक बालविकास शिक्षाको अध्ययन अवधि [9]एक वर्षको हुने छ ।

(ग) तीन वर्ष उमेर नपुगेका बालबालिका प्रारम्भिक बाल बिकास केन्द्रमा भर्ना गर्न तथा पाँच वर्ष पूरा भएका बालबालिकालाई यस्ता केन्द्रमा राख्न पाइने छैन ।

(घ) [10]सामुदायमा आधारित बालविकास केन्द्र सोही वडाभित्र अवस्थित नजिकको माथिल्लो कक्षा सञ्चालित विद्यालयलाई मातृविद्यालय बनाई तोकिए बमोजिम सञ्चालन गरिने छ ।

[9] तेस्रो संसोधन

[10] तेस्रो संसोधन

(ङ) तीन वर्ष उमेर नपुगेका बालबालिकाको लागि शिशु स्याहार केन्द्र सञ्चालन गर्न सकिने छ । यस्ता केन्द्रहरूको अनुमति र सञ्चालन तोकिए बमोजिम हुने छ ।

११. गाउँपालिका ले आफ्ना नागरिकहरूको शिक्षा सम्बन्धी विविध आवश्यकता पूरा गर्न आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर तथा खुला शिक्षा र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद- ३

## पाठ्यक्रम, पाठ्यपुस्तक शिक्षाको माध्यम र परीक्षा सम्बन्धी व्यवस्था

१२. **पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी व्यवस्थाः**

(क) विद्यालयले संघीय र प्रादेशिक कानूनमा तोकिए बमोजिमको पाठ्यक्रम र पाठ्यपुस्तक अध्यापन गराउनु पर्नेछ ।

(ख) स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक विकास र व्यवस्थापन तथा पाठ्यपुस्तकको उपलब्धता

सम्बन्धमा अनुगमन लगायतका कामको लागि तोकिए बमोजिमको पाठ्यक्रम विकास तथा अनुगमन समिति रहनेछ ।

१३ **थप पाठ्यपुस्तक तथा पाठ्यसामाग्री अध्यापन गर्न स्वीकृति लिनुपर्ने**:

(क) कुनै विद्यालयले थप पाठ्यसामाग्री वा पाठ्यपुस्तक प्रयोग गर्न चाहेमा पाठ्यक्रम विकास केन्द्रमा सुचीकृत थप पाठ्य सामाग्री वा पाठ्यपुस्तक प्रयोगको लागि शिक्षा शाखाबाट स्वीकृति लिनु पर्नेछ ।

(ख) विद्यालयले अध्यापन गराउने ऐच्छिक विषयको स्वीकृति शिक्षा शाखाबाट लिनु पर्ने छ ।

१४. **शिक्षाको माध्यम**: (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली, अंग्रेजी वा दुबै भाषा हुन सक्ने छ । तर देहायको अवस्थामा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ:

(क) प्राथमिक शिक्षा (कक्षा १-५) मातृभाषामा दिन सकिनेछ ।

(ख) भाषा विषय अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ।

(ग) शिक्षणको माध्यम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ।

**१५. <u>परीक्षाको सञ्चालन</u>ः**

(१) माध्यमिक तह (कक्षा १० - १२) को परीक्षा संघीय तथा प्रादेशिक कानून अनुसार सञ्चालन हुनेछ।

(२) आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८) को अन्तिम परीक्षा तथा अन्य कक्षाको सिकाइ उपलब्धि परीक्षा तोकिए बमोजिमको गाउँपालिकास्तरीय परीक्षा समितिबाट र अन्य कक्षाहरूको परीक्षा तोकिए बमोजिम हुने छ ।

## परिच्छेद- ४

## कार्यपालिका, गाउँ शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत र वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार

**१६. कार्यपालिका:**

(क) शिक्षा सम्बन्धी नीति, योजना र कार्यक्रमको तर्जुमा गर्ने,

(ख) नीति तथा ऐन कार्यान्नवयनको लागि नियमावली, निर्देशिका र कार्यविधि जारी गर्ने,

(ग) शिक्षा सम्बन्धी वार्षिक, अल्पकालीन र दीर्घकालीन योजना स्वीकृत गर्ने ।

(घ) कार्यपालिकाको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुने छ ।

**१७. गाउँ शिक्षा समितिः**

(१) गाउँपालिकाभित्र सञ्चालन हुने विद्यालयको सञ्चालन र व्यवस्थापनको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ–

(क) गाउँपालिकाको अध्यक्ष वा निजको काम गर्न तोकिएको व्यक्ति –अध्यक्ष

[11](क१) गाउँपालिकाको उपाध्यक्ष –सदस्य

[11] तेस्रो संसोधन

(ख) सामाजिक बिकास समितिको संयोजक –सदस्य

(ग) गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत –सदस्य

(घ) सामुदायिक वा संस्थागत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ,प्रधानाध्यापक वा शिक्षक मध्यबाट गाउँ शिक्षा समितिले मनोनित गरेको दुई जना – सदस्य

(ङ) गाउँ शिक्षा समितिले शिक्षाविद् चन्दादाता बुद्धिजवि र समाजसेवी मध्येबाट मनोनयन गरेको महिला सहित २ जना –सदस्य

(च) संघीय कानून अनुसार गठन भएको गाउँपालिका स्तरीय शिक्षक महासंघको अध्यक्ष १ जना –सदस्य

[12](च१) गाउँपालिकामा अवस्थित विशेष शिक्षा, समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा अपाङ्गता सम्बन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व गरी गाउँ शिक्षा समितिले मनोनित गरेको व्यक्ति १ जना –सदस्य

[12] तेस्रो संसोधन

(छ) गाउँपालिकाको शिक्षा अधिकृत – सदस्य सचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल दुई वर्षको हुनेछ ।

(३) उपदफा १ को खण्ड (घ) र (ङ) बमोजिम मनोनित सदस्यहरू सकेसम्म समावेशी हुनु पर्ने छ ।

(४) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिव स्पष्टिकरणको मौकाबाट वञ्चित गरिने छैन ।

(५) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार यस ऐनको अन्यत्र लेखिए बाहेक देहाय बमोजिम हुनेछः

(क) शिक्षा सम्बन्धी गाउँस्तरीय योजना तर्जुमा गर्ने,

(ख) सामुदायिक विद्यालयलाई दिइने आर्थिक अनुदानको निर्धारण गरी गाउँपालिकामा सिफारिस गर्ने,

(ग) सामुदायिक विद्यालयहरूको लेखा परीक्षणका लागि लेखा परीक्षकको पारिश्रमिक निर्धारण गर्ने,

(घ) संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त शिक्षक तथा कर्मचारी दरबन्दी वितरण र मिलान गर्ने,

(ङ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(च) गाउँपालिका क्षेत्रभित्र नियमानुसार बिद्यालय संचालनका लागि अनुमति, स्वीकृति प्रदान गर्ने ।

(छ) तोकिएको मापदण्ड पुरा भएका बिद्यालय सार्ने र गाभ्ने कार्यका लागि गाउँकार्यपालिकालाई सिफारिस गर्ने ।

(ज) आफ्नो क्षेत्र भित्र संचालित परीक्षा मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(झ) विद्यालय व्यवस्थापन समिति लाई आवश्यक निर्देशन दिने र सचेत गराउने ।

(ञ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगती मुल्यांकन गर्ने ।

(ट) विद्यालयको सामाजिक परीक्षण गर्न लगाउने ।

(ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीलाई व्यवस्थापन गर्ने ।

(ड) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने, गराउने ।

(ढ) शैक्षिक संस्थासँग आवद्ध शिक्षक तथा कर्मचारी आवश्यक प्रोत्साहन, दण्ड सजाय सम्बन्धी कार्य गर्ने, गराउने ।

(ण) गाउँ शिक्षा समितिको अन्य काम कर्तव्य अधिकार र वैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१८. **<u>प्रमुख प्रशासकीय अधिकृत</u>**ः

(क) शिक्षा सम्बन्धी नीति, कानून र योजनाको मस्यौदा प्रस्ताव गरी कार्यपालिका र गाउँ सभामा पेश गर्ने ।

(ख) प्रमुख प्रशासकीय अधिकृतको अन्य काम कर्तव्य तोकिए बमोजिम हुने छ ।

## १९. शिक्षा अधिकृत:

(१) गाउँपालिकामा एक शिक्षा अधिकृत रहनेछ । संघीय तथा प्रादेशिक शिक्षा ऐनमा लेखिए बाहेक निजको अन्य काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम हुने छ:

(क) प्रारम्भिक बालबिकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा. अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक, निरन्तर सिकाई, सामुदायिक सिकाइ केन्द्र धार्मिक विद्यालय, विशेष शिक्षा र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन तथा नियमन प्रक्रिया तयार पारी गाउँ शिक्षा समितिमा पेश गर्ने ।

(ख) गाउँ शिक्षा समितिको निर्णयहरू कार्यान्वयन गर्ने ।

(ग) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

(२) शिक्षा अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२०. **वडा शिक्षा समितिः**

(१) गाउँपालिकाका वडा भित्रका विद्यालयहरुको रेखदेख, संरक्षण, सम्वर्द्धन, नियमन गर्न वडास्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछ ।

(क) गाउँपालिकाको सम्बन्धित वडाका वडाध्यक्ष -अध्यक्ष

(ख) वडा समितिका सदस्य मध्ये वडा समितिले तोकेको १ जना - सदस्य

(ग) सामुदायिक वा संस्थागत विद्यालयका शिक्षकहरु मध्येबाट १ जना महिला सहित वडा समितिले छनौट गरेको २ जना –सदस्य

(घ) वडा भित्रका शिक्षाप्रेमी, वौद्धिक व्यक्तित्वबाट वडा समितिले तोकेको १ जना –सदस्य

(ङ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट वडा समितिले तोकेको १ जना –सदस्य

(च) वडा सचिव –सदस्य सचिव

(२) वडा शिक्षा समितिका काम कर्तव्य र अधिकारः वडा शिक्षा समितिका देहाय बमोजिमका काम कर्तव्य र अधिकार रहनेछन्:

(क) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ।

(ख) वडाभित्र आभिभावक, शिक्षक तथा विद्यार्थी बीच समन्वय गर्ने, गराउने ।

(ग) विद्यालय कक्षा तथा तह व्यवस्थापन गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्ने ।

[13](ग१) सामुदायिक विद्यालयको सम्पत्ति अभिलेखीकरण, गाभिएका तथा बन्द गरिएका विद्यालयहरुको सम्पत्ति संरक्षण तथा व्यवस्थापन गर्ने ।

(घ) वडाको शैक्षिक अभिवृद्धिका लागि आवश्यक कार्यहरु गर्ने ।

(ङ) गाउँ शिक्षा समितिले तोके बमोजिमको अन्य कार्य गर्ने।

(च) वडा शिक्षा समितिको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

[13] तेस्रो संसोधन

२१. **<u>विद्यालय व्यवस्थापन समिति</u>**: विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति हुनेछ ।

(१) **<u>सामुदायिक विद्यालयको व्यवस्थापन समिति</u>**:

[14](क) अभिभावकले आफूहरूमध्येबाट छानी पठाएका कम्तीमा दुई जना महिला सहित चार जना -सदस्य

[15](ख) ..................

[16](ग) सम्बन्धित वडाको वडाध्यक्ष तथा निजले तोकेको एक जना वडा सदस्य - सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई उल्लेख्य सहयोग गरेका स्थानीय व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना -सदस्य

(ङ) विद्यालयका शिक्षकले आफूहरु मध्येबाट छानी पठाएको एकजना - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

---

[14] पहिलो संसोधन
[15] पहिलो संसोधन
[16] तेस्रो संसोधन

(२) विद्यालय व्यवस्थापन समिति गठनको लागि अभिभावकको भेलाले उपदफा (१) को खण्ड (१) (क) अनुसारका सदस्यहरू छानेको मितिले ७ दिन भित्र विद्यालय व्यवस्थापन समितिको पहिलो बैठक बसी उपदफा (१) को खण्ड (१) (घ) अनुसारको सदस्यहरू मनोनयन गरिसक्नुपर्नेछ ।

[17](३) खण्ड (२) अनुसार सदस्य मनोनयन गरेको मितिले ७ दिन भित्र विद्यालय व्यवस्थापन समितिको दोस्रो बैठक बसी उपदफा (१) को खण्ड (१) को (क), (ग) र (घ) बमोजिमका सदस्यहरुंले आफूहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छान्नु पर्नेछ ।

(४) खण्ड (३) बमोजिम बैठक बसी अध्यक्ष छनौट गर्न नसकेमा खण्ड (३) बमोजिम तोकिएको समय बितेको पाँच दिन भित्र सो व्यहोरा प्रधानाध्यापकले गाउँ शिक्षा समितिमा प्रतिवेदन सहित पेश गर्नुपर्ने छ । सो प्रतिवेदन प्राप्त भएपछि उपरोक्त खण्ड (१) को (क), [18](ग) र (घ) बमोजिमका

---

17 तेस्रो संसोधन

18 तेस्रो संसोधन

सदस्यहरूमध्येबाट गाउँ शिक्षा समितिले अध्यक्ष मनोनयन गर्नेछ ।

[19](४क)विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनोट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिको जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) प्राविधिक र व्यावसायिक विषयमा अध्यापन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसँग आवद्धहरूमध्ये गाउँ शिक्षा समितिले मनोनित गरेको दुई जना सदस्य रहनेछन् ।

(६) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा तेत्तीस प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिको अभिभावकहरू रहनेछन् ।

(७) व्यवस्थापन समितिका पदाधिकारीहरूको योग्यता र गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

---

[19] तेस्रो संसोधन

(८) शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक व्यवस्था मिलाउनुका अतिरिक्त सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालय सञ्चालन सम्बन्धमा हुने महत्वपूर्ण विषयमा सम्बन्धित वडा कार्यालयसँग समन्वय गर्ने,

(घ) विद्यालयमा कायम रहेका दरबन्दीलाई तोकिए बमोजिम परिवर्तन गर्नुपर्ने भएमा औचित्य सहित गाउँ शिक्षा समितिमा सिफारिस गर्ने,

(ङ) तोकिए बमोजिमको अन्य कार्यहरू गर्ने ।

(९) विद्यालय व्यवस्थापन समितिमा बालक्लबका सदस्यहरु मध्येबाट १ जना बालक वा बालिका आमन्त्रित सदस्य हुनु पर्ने ।

## २ संस्थागत विद्यालयको व्यवस्थापन समितिः

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः–

[20](क) विद्यालयको संस्थापक वा लगानीकर्तामध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा गाउँ शिक्षा समितिबाट मनोनित गरेको व्यक्ति -अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना -सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट वडा समितिको सिफरिसमा गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना महिला सहित कम्तिमा दुईजना -सदस्य

[21](घ) शिक्षा अधिकृत वा निजले तोकेको एकजना प्रतिनिधि -सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना -सदस्य

[20] तेस्रो संसोधन
[21] तेस्रो संसोधन

(च) विद्यालयको प्रधानाध्यापक सदस्य–सचिव

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको व्यक्ति सिफारिस गर्दा सम्बन्धित विद्यालय कम्पनी अन्तरगत सञ्चालित भए कम्पनीको शेयर सदस्यमध्येबाट र सहकारी अन्तरगत सञ्चालित भए सम्बन्धित सहकारीको शेयर सदस्यमध्येबाट सिफारिस गर्नु पर्नेछ ।

(३) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) सस्थागत तथा सहकारी विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) विद्यालय सञ्चालनको लागि साधन र स्रोतको प्राप्ति र परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गर्ने,

(ग) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(घ) नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केलमा नघटाई शिक्षक तथा कर्मचारीलाई तलब दिने,

(ङ) शैक्षिक सत्र शुरु हुनु भन्दा कम्तिमा २ महिना पहिलै आगामी शैक्षिक सत्रको लागि शुल्क प्रस्ताव गरी गाउँपालिकाको शिक्षा शाखामा पेश गर्ने ।

(५) दफा २१(१) र २१ (२) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा तोकिएको निकाय वा अधिकारीले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(६) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठकसम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

## २२. <u>विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने</u>:

(१) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष सहितको प्रतिवेदन सम्बन्धित वडा समितिले सिफारिस गरेमा गाउँ शिक्षा समितिले छानविन गर्दा सो सिफारिस प्रमाणित भएमा त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँ शिक्षा समितिले तीन सदस्यीय अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

२३. <u>विद्यालय सञ्चालन कार्यविधि</u> :

[22](१) यो ऐन र प्रचलित कानूनको अधिनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी तथा अन्य सरोकारवालाहरूको आचारसंहिता, जिम्मेवारी, कर्तव्य र अधिकार तथा विद्यालय सञ्चालन विधि र प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विद्यालय सञ्चालन कार्यविधि अभिभावक भेलाबाट पारित गराई गाउँ शिक्षा समितिबाट स्वीकृत गराइ लागू गर्नुपर्नेछ ।

(२) विद्यालय सञ्चालन कार्यविधि अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(३) विद्यालय सञ्चालन कार्यविधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

---

[22] तेस्रो संसोधन

## परिच्छेद-५

## आर्थिक प्रवन्ध, सहायता र छुट

२४. **गाउँ शिक्षा कोषः**

(१) सामुदायिक विद्यालयको सञ्चालन र व्यवस्थापन तथा ऐनको अन्य व्यवस्था कार्यान्वयनका लागि गाउँशिक्षा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्ः–

(क) नेपाल सरकार(संघ) बाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) गाउँपालिका बाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयको वार्षिक आम्दानी मध्ये तोकिए बमोजिमको रकम

(ङ) सहकारी विद्यालयबाट प्राप्त हुने सो विद्यालयको कुल नाफाको तोकिए बमोजिमको रकम

(च) दफा (३२) को उपदफा (४) बमोजिम संस्थागत विद्यालयबाट प्राप्त रकम

(छ) चन्दाबाट प्राप्त रकम,

(ज) शिक्षा करबाट प्राप्त रकम,

(झ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ । तर उपदफा २ को खण्ड (घ), (ङ) र (च) बमोजिम प्राप्त रकम दफा ६ वा ८ बमोजिमको विद्यालयमा अध्ययनरत विद्यार्थीको आवास र छात्रवृत्तिमा खर्च गर्नु पर्ने छ । त्यस्ता विद्यालय नभएसम्मका लागि सामुदायिक विद्यालयको शैक्षिक विकासमा खर्च गर्न सकिने छ ।

२५. <u>**विद्यालय कोषः**</u>

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः–

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिका बाट प्राप्त अनुदान,

(ख) गाउँ शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) नियमानुसार लिन पाउने शुल्क,

(घ) सहयोग, चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) विद्यालयका सम्पूर्ण खर्च सोही कोषबाट हुने छ । उपदफा (१) बमोजिमको कोषको सञ्चालन तथा सामाजिक परीक्षण र वित्तीय लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

२६. **<u>विद्यालय र बाल बिकास केन्द्रलाई अनुदानको व्यवस्था</u>**ः

(१) गाउँपालिकाले तोकिएको आधारमा सामुदायिक विद्यालय र बालबिकास केन्द्रलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिंइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न यस दफाले वाधा पुऱ्याएको मानिने छैन ।

(२) अनुदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

## २७. विद्यालयलाई छुट र सुविधा:

(१) सामुदायिक विद्यालय र शैक्षिक गुठी वा सहकारीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई संघीय र प्रादेशिक कानूनमा भएको व्यवस्था बमोजिम छुट र सुविधा हुने छ ।

(२) सामुदायिक र शैक्षिक गुठी वा सहकारीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई गाउँपालिका ले आफुले लगाएको कर वा अन्य सेवा वा सुविधामा तोकिए बमोजिम विशेष छूट दिन सक्ने छ ।

## परिच्छेद- ६

## अनिवार्य तथा निशुल्क शिक्षा, विद्यार्थी सहायता तथा छात्रवृत्ति सम्बन्धी व्यवस्था

२८ **अनिवार्य, निशुल्क आधारभूत शिक्षा सम्बन्धी व्यवस्था :**

(१) सामुदायिक विद्यालयबाट लक्षित उमेर समूहका सबै बालबालिकाहरूलाई तोकिएबमोजिम निशुल्क शिक्षा उपलब्ध हुने छ ।

(२) निशुल्क शिक्षा उपलब्ध हुने उमेर समूहका बालबालिकालाई विद्यालयमा नपठाउने वा बालश्रममा लगाउने अभिभावक, संरक्षक वा उद्योगी व्यापारी वा अन्य व्यक्तिलाई गाउँपालिकाले तोकिए बमोजिम दण्ड जरिवाना गर्नेछ । त्यस्ता व्यक्ति वा संस्थालाई गाउँपालिकाबाट उपलब्ध हुने सेवा सुविधा रोक्का वा स्थगित गर्न सकिने छ ।

२९ **निशुल्क माध्यमिक शिक्षा सम्बन्धी व्यवस्था**:

(१) माध्यमिक शिक्षा (९ -१०) निशुल्क हुने: सामुदायिक विद्यालयबाट लक्षित उमेर समूहका सबै बालबालिकालाई गाउँपालिकाले तोकिए बमोजिम निशुल्क शिक्षा उपलब्ध गराउने छ ।

(२) माध्यमिक शिक्षा (११-१२) को हकमा निशुल्क शिक्षाको व्यवस्थापन संघीय र प्रादेशिक कानून अनुसार गरिने छ ।

३०. दफा २८(१) र दफा २९(१) बमोजिम प्रदान गरिएको शिक्षामा कुनै विद्यालयले शुल्क लिएमा त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गराई सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई शिक्षा अधिकृतले सचेत गराउने तथा प्रधानाध्यापकलाई विभागीय कारवाही गर्न सक्नेछ । तर कुनै अभिभावकले आफ्नो स्वइच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

३१. **<u>विद्यार्थी सहायता तथा छात्रवृत्तिको व्यवस्था गर्न सक्ने</u>**: गाउँपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीहरूलाई तोकिए बमोजिम आर्थिक सहायता र छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

३२. **<u>संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनुपर्ने</u>**:

[23](१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरू, महिला, दलित वा जनजाति तथा अल्पसङ्ख्यक र अन्य समुदायका विद्यार्थीहरुंलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापकको संयोजकत्वमा, गाउँपालिकाको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको

[23] तेस्रो संसोधन

प्रतिनिधित्व रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटको लागि आधार, शर्त र प्रकृया तयार गरी सार्वजनिक गर्नु पर्नेछ । गाउँपालिकाले छनौटको आधारसहितको निर्देशन दिएमा सो आधारलाई मुख्य आधार मानी छात्रवृत्ति छनौट गर्नु पर्नेछ ।

(४) माथि जेसुकै कुरा उल्लेख गरिएको भए पनि गाउँपालिकाले थप कार्यविधि बनाई प्रत्येक विद्यालयका लागि छात्रवृत्तिको कोटा तोकी निर्दिष्ट प्रक्रियामार्फत परीक्षाका माध्यमबाट छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थी आफै छनौट र सिफारिस गर्न सक्ने छ । यसरी छनौट र सिफारिस भएका विद्यार्थीलाई निशुल्क अध्यापन गराउनु सम्बन्धित विद्यालयको दायित्व हुने छ तर उपदफा (१) बमोजिम निर्धारण भएको छात्रवृत्ति कोटा बराबरको रकम सम्बन्धित विद्यालयले गाउँ शिक्षा समितिमा जम्मा गर्ने गरी तोक्न सक्ने छ । यसरी तोकिएको रकम गाउँ शिक्षा समितिले तोकिएको कार्यविधि बमोजिम दफा (६)

अनुसार स्थापित आवासिय विद्यालयमा अध्ययनरत विपन्न र लक्षित वर्गको छात्र छात्राहरूको आवासिय छात्रवृत्तिमा खर्च गर्ने छ ।

## परिच्छेद-७

## विद्यालय शिक्षण सेवाको गठन र सञ्चालन सम्बन्धी व्यवस्था

**३३. विद्यालय शिक्षण सेवाको गठन**

(१) संघीय कानूनमा व्यवस्था भए बमोजिम गाउँपालिकामा एक विद्यालय शिक्षण सेवाको गठन हुनेछ ।

(२) शिक्षकहरूको सेवाको शर्त (योग्यता, तह, श्रेणी विभाजन र अन्य सेवा सुविधा) संघीय र प्रादेशिक कानूनमा व्यवस्था भए बमोजिम हुने छ ।

(३) संघीय र प्रादेशिक कानूनको अधिनमा रही गाउँपालिकाले शिक्षकको सेवा शर्त सम्बन्धी थप व्यवस्था गर्न सक्नेछ।

(४) विद्यालयमा कायम रहने शिक्षकहरूको दरबन्दी र पद तोकिए बमोजिम हुने छ ।

## ३४. शिक्षकको नियुक्ति:

(१) स्वीकृत दरबन्दीमा स्थायी शिक्षकहरूको संघीय कानून बमोजिम नियुक्ति शिक्षक सेवा आयोगको सिफारिसमा गाउँ शिक्षा समितिको निर्णय अनुसार शिक्षा अधिकृतले गर्नेछ ।

(२) विद्यालयमा रिक्त दरबन्दी तथा शिक्षक अनुदान कोटामा अस्थायी तथा करार नियुक्तिको व्यवस्था गर्न निम्न बमोजिमको शिक्षक छनौट समिति हुनेछ ।

(क) [24] प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) गाउँ शिक्षा समितिले छनौट गरेको विषयगत विज्ञ मध्येबाट विषय विज्ञ २ जना -सदस्य

(ग) [25]सम्बन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष -सदस्य

(घ) [26]शिक्षा अधिकृत – सदस्य सचिव

(३) शिक्षक छनौट समितिको प्रशासनिक कार्य र आवश्यकता अनुसार जनशक्तिको

---

[24] तेस्रो संसोधन
[25] तेस्रो संसोधन
[26] तेस्रो संसोधन

व्यवस्थापनको जिम्मेवारी शिक्षा शाखाले गर्नेछ ।

(४) गाउँपालिका स्तरिय शिक्षक छनौट समिति गठन नियमानुसार गाउँ शिक्षा समितिले गर्न सक्नेछ।

(५) गाउँपालिका स्तरिय शिक्षक छनौट समितिका पदाधिकारी र सदस्यहरूको योग्यता देहाय अनुसार हुने छः

[27](क)शिक्षा, शिक्षण, प्रशासन वा व्यवस्थापन क्षेत्रमा काम गरेको,

(ख) कम्तिमा १ वर्ष देखि कुनै पनि राजनीतिक दलको सदस्य नरहेको ।

उपरोक्त अनुसार गठन हुने शिक्षक छनौट समितिका सदस्यहरू मध्ये ३ जना सदस्यहरू स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने छ ।

(६) समितिका सदस्यहरूको सेवा सुविधा, बैठक र व्यवस्थापन कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

[28](७) .....................................

---

27 तेस्रो संसोधन

28 तेस्रो संसोधन

(८) अस्थायी शिक्षक नियुक्ति प्रक्रिया

अस्थायी शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी अन्य प्रक्रिया तोकिएबमोजिम हुनेछ ।

**३५ सरुवा सम्बन्धी व्यवस्था:**

[29](१) गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूमा आधारभूत तहको प्राथमिक शिक्षकहरूलाई समान तह र श्रेणीको दरबन्दीमा तथा आधारभूत तहका निम्नमाध्यमिक र माध्यमिक तहका शिक्षकहरूलाई समान तह, श्रेणी र विषयको दरबन्दीमा आउने र जाने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा गाउँ शिक्षा समितिको निर्णयानुसार शिक्षा अधिकृतले तोकिए बमोजिम सरुवा गर्नेछ ।

(२) संघीय र प्रादेशिक कानूनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक अन्तर स्थानीय तह सरुवा गर्दा:

[29] तेस्रो संसोधन

[30](क) स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षकलाई कार्यरत विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी शिक्षा अधिकृतले अर्को स्थानीय तहमा सरुवाको लागि सहमति दिन सक्नेछ ।

(ख) अन्य स्थानीय तह अन्तरगतका विद्यालयमा कार्यरत स्थायी शिक्षकले सरुवा भइ यस गाउँपालिका भित्रका कुनै विद्यालयमा आउन चाहेमा कार्यरत विद्यालय रहेको स्थानीय तहको सहमतिसहित तोकिएको अधिकारी समक्ष निर्दिष्ट ढाँचामा निवेदन दिनु पर्ने छ । उक्त निवेदनमा तोकिए बमोजिम कारबाही हुने छ ।

[31](ग) ऐन जारी हुनु भन्दा अघिदेखि कार्यरत स्थायी, अस्थायी (करार) र राहत अनुदानमा कार्यरत शिक्षकलाई पनि सोही दरबन्दीमा उपदफा (१) बमोजिम सरुवा गरिने छ ।

---

30 तेस्रो संसोधन
31 तेस्रो संसोधन

(घ) सेवा निवृत्त हुन १ वर्ष भन्दा कम सेवा अवधि बाँकी रहेको शिक्षकको सरुवा गरिने छैन ।

(ङ) शिक्षक सरूवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ३६. प्रधानाध्यापक, सहायक प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्थाः

(१) प्रत्येक सामुदायिक विद्यालयमा एकजना प्रधानाध्यापक र संघीय र प्रादेशिक कानून एवं गाउँपालिकाले स्वीकृत गरेबमोजिमको सङ्ख्यामा शिक्षक र कर्मचारीको दरबन्दी रहनेछ । माध्यमिक विद्यालयमा मात्र सहायक प्रधानाध्यापकको व्यवस्था गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका प्रधानाध्यापक, सहायक प्रधानाध्यापक र कर्मचारीहरूको नियुक्ति र अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

[32](३) आरुघाट गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा सञ्चालित तहका लागि शैक्षिक योग्यता पुगेका कुनै एक तह स्थायी शिक्षकहरुलाई प्रधानाध्यापकको रुपमा विद्यालय व्यवस्थापन समितिले नियुक्त गर्न सक्नेछ ।

[33](४) उपदफा (३) बमोजिमको स्थायी शिक्षक विद्यालयमा नरहेमा सोही तहका लागि योग्यता पुगेका अस्थायी शिक्षकलाई समेत प्रधानाध्यापक नियुक्त गर्न सकिनेछ ।

## ३७. दरबन्दी मिलानः

(१) प्राथमिक तहमा विद्यार्थी सङ्ख्या र सञ्चालित कक्षा तथा अन्य तहमा विद्यार्थी सङ्ख्या सञ्चालित कक्षा (सेक्सन) र अध्यापन गरिने विषयको आधारमा गाउँ शिक्षा समितिले विद्यालयको वस्तुस्थिति एवं नक्शांकन गरी दरबन्दी मिलान गर्ने छ ।

(२) उपदफा (१) बमोजिम गरिएको दरबन्दी मिलानबाट सरुवा हुने शिक्षकले पत्र पाएको

[32] तेस्रो संसोधन
[33] तेस्रो संसोधन

मितिले २१ दिनभित्र रमाना लिइ तोकिएको विद्यालयमा हाजिर भइ सक्नु पर्नेछ । यसरी हाजिर नहुने, रमाना नदिने र हाजिर नगराउने प्रधानाध्यापक र शिक्षकलाई विभागीय कारवाही गरिने छ ।

## ३८. शिक्षकको पेशागत युनियन,शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः

(१) संघीय कानूनमा व्यवस्था भए बमोजिम सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न शिक्षक महासंघ रहनेछ ।

(२) नेपाल शिक्षक महासंघ गाउँ स्तरमा गठन गर्न सकिने छ ।

(३) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन गाउँपालिकामा सिफारिस गर्नु पर्नेछः–

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा अन्य काम गरेमा वा अन्य कुनै व्यावसायिक कृयाकलाप गरेमा,

तर उपदफा ३ (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन बाधा परेको मानिने छैन ।

(ङ) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाइएमा,

(च) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(छ) स्थायी आवसीय अनुमति पत्र लिएमा

(ज) निर्माण व्यवसायीको इजाजत पत्र लिएमा

(४) उपदफा (३) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने

यथेष्ट प्रमाण प्राप्त भएमा गाउँ कार्यपालिकाले नीजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदबाट हटाउनु अघि सफाईको मनासिव मौका भने प्रदान गरिने छ ।

**३९ <u>शिक्षक तथा कर्मचारीको गुनासो व्यवस्थापन</u>:**

(१) सामुदायिक विद्यालयको शिक्षक र कर्मचारीको पेशागत गुनासो सम्बन्धित विद्यालयका प्रधानाध्यापक र प्रधानाध्यापकको गुनासो विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्ने छ । सो सम्बन्धी गुनासोको अध्ययन गरी सम्भव उपाय अपनाई सम्बन्धित निकायले गुनासो सम्बोधन गर्नु पर्ने छ ।

(२) विद्यालय तहबाट सम्बोधन हुन नसके उचित कारण खोलि ३० दिन भित्र शिक्षा अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(३) विद्यालय तहबाट प्राप्त गुनासोको ३० दिन भित्र प्रचलित कानून अनुसार सम्बोधन गर्नु स्थानीय शिक्षा अधिकारीको कर्तव्य हुने छ ।

(४) शिक्षा अधिकृतले सम्बोधन गर्न नसकेको पेशागत गुनासो गाउँ शिक्षा समितिमा पेश गरिने छ ।

(५) गाउँ शिक्षा समितिले गरेको गुनासो सम्बोधन अन्तिम हुने छ ।

४०. <u>अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने</u>:

(१) दफा ४३ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक कर्मचारी अदालतको आदेश वा फैसला बमोजिममात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले संघीय कानून अनुसार नोकरीबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि आदेश वा फैसला बमोजिम प्राप्त गर्ने छ ।

४१. <u>तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने</u> : दफा ४० को उपदफा (२) मा उल्लेखित अवस्था तथा दफा ३८ को उपदफा ३ (ख) मा भएको व्यवस्थाको प्रतिकूल नहुने गरी वा

नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवा अवधिमा समेत गणना हुने छैन ।

## ४२. दरबन्दी स्वीकृत गर्नुपर्ने :

(१) सामुदायिक विद्यालयले सरकारी दरबन्दीमा बाहेक अन्य श्रोतबाट शिक्षक नियुक्ति गर्नको लागि तोकिए बमोजिम गाउँ शिक्षा कार्यालयबाट विद्यालयले आफ्नो दरबन्दी विश्लेषण तथा कार्यभार स्वीकृत गराएर मात्र गर्नु पर्छ । यसरी दरबन्दी स्वीकृत नगरी कुनै विद्यालयले शिक्षक नियुक्ति गरेमा नियुक्त शिक्षकलाई भुक्तानी गरेको तलव भत्ता र अन्य रकमहरू नियुक्ति गर्ने पदाधिकारीले विद्यालय कोषमा तिर्नु पर्ने छ ।

(२) हाल कार्यरत शिक्षकहरू सम्वत २०७५ असार मसान्तसम्म यसै प्रावधान अनुसार नियुक्त भएको मानिनेछ । सो अवधि पछिको

हकमा उपदफा १ अनुसारको प्रकृया पूरा नगरी सेवा निरन्तरता दिन पाइने छैन ।

## परिच्छेद- ८

## दण्ड र सजाय

**४३. दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई संघीय र प्रादेशिक कानून बमोजिम मुद्दा हेर्ने अधिकारीले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्‍याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी संघीय र प्रदेशिक कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम र नभएमा रु एक लाख रुपैयासम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुबै सजाय हुनेछः

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा वा दिन लगाएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै कक्षा, शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा ट्यूशन कक्षा वा परीक्षा तयारी कक्षा सञ्चालन गरेमा,

(झ) अनुमति नलिई माथिल्लो कक्षा सञ्चालन गरेमा वा सञ्चालन अनुमति नपाएको कुनै कक्षा सञ्चालन गरी शैक्षिक प्रमाणपत्र जारी गरेमा,

[34](ञ) अन्य विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई आफ्नो विद्यालयबाट परिक्षाको लागि

---

[34] तेस्रो संसोधन

आवश्यक कागजात नपुगी भर्ना गराएमा, रजिष्ट्रेशन गराएमा, परीक्षामा सहभागी गराएमा वा शैक्षिक योग्यताको प्रमाणपत्र जारी गरेमा,

(ट) दफा (४९) अनुसार तोकिएको शुल्क विपरित हुने गरी कुनै संस्थागत विद्यालयले शुल्क लिएमा ।

(३) उपदफा (१) र (२) बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको किनारा नलागेसम्म स्वत निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐनबमोजिम विभागीय सजाय गरिनेछ ।

(४) उपदफा (१) र (२) मा लेखिए देखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम उल्लघन गरेमा तोकिएको अधिकारीले देहायबमोजिम सजाय गर्न सक्नेछः

(क) विद्यालयका शिक्षक र कर्मचारीलाई विभागीय सजाय र जरिबाना गर्ने

(ख) विद्यार्थीलाई छात्राबास वा परीक्षाबाट निष्काशन गर्ने

(ग) शिक्षक वा अन्य व्यक्ति भए कसूरको मात्रा हेरी बिगो असुल गरी बिगो बमोजिम जरिबाना गर्ने

(घ) विद्यालयलाई सरकारी सहायता घटाउने रोक्ने वा बन्द गर्ने

(ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने ।

४४ <u>**सम्पत्ति सम्बन्धी मुद्दाको तहकिकात र दायरी**</u>: संघीय, प्रादेशिक र स्थानीय कानूनमा तोकिए बमोजिम हुने छ ।

४५. <u>**पुनरावेदनः**</u> तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

## परिच्छेद- ९

## विद्यालय सम्पत्ति व्यवस्थापन

४६. **विद्यालयको सम्पत्तिः**

(१) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ ।

(२) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिका ले अन्य विद्यालय, सामुदायिक बालविकास केन्द्र, गाउँपालिका अन्तरगतको कुनै कार्यालय, सामुदायिक सिकाइ केन्द्र, सङ्ग्राहलय, सीप विकास केन्द्र, सामुदायिक पुस्तकालय वा सामुदायिक हितमा उपयोग गर्न सक्ने छ । यसरी प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेच–बिखन गरी प्राप्त भएको रकम गाउँ शिक्षा कोषमा जम्मा गर्नेछ ।

(३) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(४) कम्पनी र सहकारी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनी वा सहकारीको नाममा रहनेछ ।

[35](५) संस्थागत तथा सामुदायिक विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ । यसरी प्रक्रिया नपुगी लिएको सम्पत्ति स्वत: गाउँपालिकाको हुनेछ ।

[35] तेस्रो संसोधन

(६) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाइनेछैन ।

## ४७ विद्यालय सम्पत्ति संरक्षण समिति :

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्तिको संरक्षण तथा संस्थागत विद्यालयको सम्पत्तिको शैक्षिक प्रयोजनार्थ उपयोगको सम्बन्धमा कार्य गर्न देहाय अनुसारको विद्यालय सम्पत्ति संरक्षण समिति रहने छः

(क) गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको कार्यपालिकाको सदस्य - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) मालपोत र नापी प्रशासन सम्बन्धी काम गर्ने नेपाल सरकार वा गाउँपालिकाको कम्तिमा राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृत दुई जना - सदस्य

(घ) शिक्षा अधिकृत - सदस्य सचिव

(२) कुनै विद्यालयको जग्गाको व्यवस्थापन सम्बन्धी विषयमा छलफल गर्न आयोजित वैठकमा सो विद्यालयको प्रधानाध्यापक र

विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिनेछ ।

(३) समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुने छ ।

## परिच्छेद- १०

## विद्यालयको शुल्क निर्धारण सम्बन्धी व्यवस्था

४८. **विद्यालयको वर्गीकरणः** विद्यालयलाई तोकिए बमोजिम वर्गीकरण गरिने छ ।

४९. **संस्थागत र सहकारी विद्यालयको शुल्क निर्धारण सम्बन्धी व्यवस्थाः**

(१) संस्थागत र सहकारी विद्यालयले विद्यार्थीसङ्ग लिन पाउने शुल्क निर्धारणको लागि देहाय अनुसारको शुल्क निर्धारण समिति रहने छ :

(क) गाउँपालिका अध्यक्ष वा निजको काम गर्न तोकिएको व्यक्ति -अध्यक्ष

(ख) संयोजक, सामाजिक समिति -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

(ङ) संस्थागत विद्यालयको शिक्षक अभिभावक संघको अध्यक्षहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना -सदस्य

(च) गाउँ शिक्षा अधिकृत -सदस्य सचिव

(२) शुल्क निर्धारण समितिले तोकिएको आधारमा शुल्क निर्धारण गर्नेछ ।

(३) शुल्क निर्धारण समितिको काम कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- ११

## विविध

[36]५०. **अनुमति वा स्वीकृति रद्द गर्ने**: कुनै संस्थागत तथा सामुदायिक विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीको सिफारिसमा गाउँ शिक्षा समितिले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिनेछैन ।

५१. **विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने:**

(१) विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित कृयाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ ।

---

[36] तेस्रो संसोधन

(२) तोकिए बमोजिम बाहेक कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(३) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन।

(४) विद्यालय हाताभित्र कुनै पनि राजनीतिक दलको भेला सेमिनार गोष्ठी वा आम सभा गर्न पाइने छैन ।

(५) बालबालिकालाई बालबालिकासँग सम्बन्धित बाहेक अन्य कुनै पनि जुलुस, प्रदर्शन आदिमा सहभागी गराउन पाइने छैन ।

(६) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**५२. शैक्षिक परामर्श सेवा, विद्यालय बाहिरको शिक्षण वा अन्य शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था**

(१) शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा ट्युशन कक्षा, कोचिङ कक्षा वा परीक्षा तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) विदेशी मुलुकको कुनै शैक्षिक कार्यक्रम सञ्चालन अनुमति संघीय कानून अनुसार हुने छ ।

(३) उपदफा (१) र (२) को व्यवस्था विपरित सञ्चालित शैक्षिक कार्यक्रम गाउँपालिकाले बन्द गर्ने छ भने त्यस्तो संस्था वा शैक्षिक कार्यक्रम सञ्चालकलाई कानून बमोजिम कारवाही गरिने छ ।

५३. **<u>प्रगति विवरण बुझाउनु पर्ने</u>**: प्रत्येक विद्यालयले प्रत्येक शैक्षिक सत्र सकिएको १ महिना भित्र तोकिए बमोजिमको विवरणहरू समावेश गरी वार्षिक प्रगति विवरण शिक्षा शाखामा बुझाउनु पर्नेछ ।

५४. **<u>नियम, निर्देशिका र कार्यविधि बनाउने अधिकार</u>**:

(१) यस ऐनको उद्देश्य कार्यान्वय गर्न गाउँपालिकाले अन्य विषयको अतिरिक्त देहायका विषयहरूमा आवश्यक नियम बनाउन सक्नेछ ।

(क) विद्यालयको नामाकरण, झण्डा, चिन्ह र प्रार्थना,

(ख) विद्यालयलाई दिइने अनुदान,

(ग) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन,

(घ) अतिरिक्त तथा सह कार्यकलाप,

(ङ) विद्यार्थी भर्ना र विद्यार्थी सङ्ख्या सम्बन्धी,

(च) छात्रावासको अनुमति, स्वीकृति र सञ्चालन तथा अनुगमन,

(छ) विद्यालयको आय व्यय जाँच,

(ज) विद्यालयको किताब बही र अन्य कागजात तयार गर्ने तथा राख्ने तरिका,

(झ) विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री (संघीय र प्रादेशिक कानूनको परिधिमा रहेर),

(ञ) शिक्षक तथा विद्यार्थी आचारसंहिता,

(ट) विद्यालय तथा समुदायमा पुस्तकालय तथा वाचनालय,

(ठ) शिक्षक, कर्मचारी तथा विद्यालय व्यवस्थापन सम्बन्धी तालिम,

(ड) भाषा शिक्षण, ट्युशन सेन्टर, तयारी कक्षा वा अन्य यस्तै विद्यालय बाहिरका शिक्षा,

(ढ) विद्यार्थी सल्लाह, परामर्श, निर्देशन र सुरक्षा,

(ण) विद्यार्थी परिवहन,

(त) संस्थागत विद्यालयको सञ्चालन सम्बन्धी सम्पूर्ण विषयहरू,

(थ) गुठी/सहकारी विद्यालय सञ्चालन सम्बन्धी,

(द) स्रोतकेन्द्र र स्रोतव्यक्ति र

(ध) अन्य ऐनमा उल्लिखत विषयहरू

(२) यस ऐनको कार्यान्वयनको लागि उपदफा (१) बमोजिमको नियम अन्तरगत रहेर गाउँ शिक्षा

समितिले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

५५ **संस्थागत विद्यालयको हकमा लागु नहुने**: यस ऐनको दफा (३३), दफा (३४), दफा (३५), दफा (३६), दफा (३७), दफा (३८), दफा (३९), दफा (४०) र दफा (४१) संस्थागत विद्यालयको हकमा लागु हुने छैन ।

५६. **संक्रमणकालीन व्यवस्था:** (१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ शिक्षा समितिले आवश्यक कार्यविधि तोकी सम्पादन गर्न सक्नेछ ।

५७. **बाधा अड्काउ फुकाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा–अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐन बमोजिम भएको मानिनेछ ।

५८. **बचाउ र खारेजी**:

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा व्यवस्था भएका जति कुरामा यसै बमोजिम र यसमा नलेखिएको कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना–मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

**आज्ञाले**
**टीका बहादुर गोदार**
**प्रमुख प्रशासकीय अधिकृत**